प्रदेश सरकार

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, तनहुँ

गण्डकी प्रदेश, नेपाल

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

(दोस्रो पटक प्रकाशित मितिः २०७८/६/१३)

यस केन्द्रको आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रम अनुसार तनहुँ जिल्लामा तपसिलका कार्यक्रममा आवेदन दिन ईच्छुक उल्लेखित शर्त पुरा गर्न सक्ने कृषक, कृषि फर्म/कम्पनी, कृषक समूह/सहकारीहरुलाई यो सूचना प्रकाशन भएको मितिले १३ दिनभित्र प्रस्ताव सहित आवश्यक कागजातहरु यस केन्द्रमा पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र सं | कार्यक्रमको नाम | आवेदन पेश गर्न सक्ने व्यक्ति/संस्था | न्यूनतम शर्त तथा उपलब्ध हुने अनुदान |
|---|---|---|---|
| १ | क्षेत्रफलका आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम | कृषि फर्म/कम्पनी वा कृषक | • कार्यक्रममा सहभागी हुने फर्म/कम्पनी/कृषकले २ रोपनी भन्दा बढी क्षेत्रफल वा न्यूनतम २०० वर्ग मिटर क्षेत्रफलको प्लाष्टिक घरभित्र बार्षिक कम्तीमा दुई सिजन तरकारी खेती गर्नु पर्ने वा गरेको हुनु पर्ने छ ।<br>• खुला जमिनमा तरकारी खेती गर्ने कृषकले प्रति रोपनी रु. ३०००/- र प्लाष्टिक घरभित्र खेती गर्ने कृषकले प्रति १०० वर्ग मिटर रु. ३,०००/- का दरले प्रोत्साहन स्वरुप नगद अनुदान प्राप्त गर्न सक्नेछन । |
| २ | बाँझो जग्गमा व्यवसायिक खेती प्रोत्साहन कार्यक्रम | कृषक, कृषि फर्म/कम्पनी कृषक समूह, सहकारी | • विविध कारणले कम्तिमा ३ बर्षदेखि बाँझो रहेको, न्यूनतम ३ रोपनी क्षेत्रफल भएको जग्गा हुनु पर्ने ।<br>• स्थलगत अनुगमनको आधारमा बाँझो जमिनमा खेती गरे बापत प्रति रोपनी रु. ५,०००/- का दरले अनुदान उपलब्ध गराईनेछ । |
| ३ | साना सिंचाई कार्यक्रम संचालन | कृषक समूह, कृषि सहकारी तथा जल उपभोक्ता समिति | • साना बाध निर्माण, कुलो सुधार तथा निर्माण पोलिथिन पाईप, पोखरी निर्माण, पम्पसेट, थोपा सिंचाई, पानी तान्ने मोटर आदि ।<br>• कम्तिमा १० रोपनी क्षेत्रफलमा सिंचाई सुविधा उपलव्ध हुनु पर्ने ।<br>• प्रस्तावित लागतको बढीमा ९०% वा रु अधिकतमा २ लाख अनुदान प्रात हुने । |
| ४ | श्रोत केन्द्र स्थापना तथा सुदृढीकरण कार्यक्रम | कृषि फर्म, कृषि कम्पनी, कृषक समूह, कृषि सहकारी | • नर्सरीको न्यूतम क्षेत्रफल २५० वर्ग मि. हुनु पर्ने ।<br>• सुन्तलाजात फलफूलको हकमा निर्माण हुने नर्सरी समुद्र सतहबाट कम्तिमा १००० मि. माथि हुनु पर्नेछ ।<br>• स्वीकृत कार्यक्रम अनुसार मापदण्डले तोके अनुसारको अनुदान प्राप्त हुने । |

तपसिल

आवश्यक कागजातहरु

- रु.१० को टिकट टाँस गरी तोकिए बमोजिमको ढाँचाको निवेदन सहितको प्रस्तावना।
- संस्थाको दर्ता/नबिकरण प्रमाणपत्र ।
- PAN/VAT दर्ता प्रमाण पत्र ।
- अघिल्लो आ.ब. को बार्षिक अडिट रिपोर्ट र करचुक्ता प्रमाणपत्र ।
- स्थानीयतहको कृषि शाखा वा सम्बन्धित वडा कार्यालयको अनुदान दोहोरो नहुनु वा अनुदान दिन उपयुक्त हुने सिफारिस पत्र ।
- समूह र सहकारीको हकमा संस्थाको सञ्चालक समितिको बैठक निर्णयको प्रतिलिपि ।
- अघिल्लो दुई आर्थिक वर्षमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरेको वा नगरेको स्वघोषणापत्र ।
- प्रस्तावित आयोजना संचालन हुने क्षेत्रको लालपुर्जाको प्रतिलिपि वा जग्गा करारमा लिई कार्यक्रम संचालन गर्ने हकमा न्यूनतम १० वर्षको

कमल प्रसाद तिवारी
प्रमुख

थप जानकारीका लागि
कृषि ज्ञान केन्द्र, तनहुँ
फोनः ०६५-५६२१३०, ९८४६११४७०० (विरेन्द्र घिताल) ९८४५८१२३६७ (केशवचन्द्र वगाले)
इमेल:akctanahun@gmail.com, facebook.com/krishigyankendratanahun

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिवी निवारण मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, तनहुँ

गण्डकी प्रदेश, नेपाल

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

**(दोस्रो पटक प्रकाशित मितिः २०७८/६/१३)**

यस केन्द्रको आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रम अनुसार तनहुँ जिल्लामा तपसिलका कार्यक्रममा आवेदन दिन ईच्छुक उल्लेखित शर्त पुरा गर्न सक्ने कृषक, कृषि फर्म/कम्पनी, कृषक समूह/सहकारीहरुलाई यो सूचना प्रकाशन भएको मितिले १३ दिनभित्र प्रस्ताव सहित आवश्यक कागजातहरु यस केन्द्रमा पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र सं | कार्यक्रमको नाम | आवेदल पेश गर्न सक्ने व्यक्ति/संस्था | न्यूनतम शर्त तथा उपलब्ध हुने अनुदान |
|---|---|---|---|
| १ | क्लष्टरमा रैथाने वाली संरक्षण कार्यक्रम | कृषक समूह, कृषि सहकारी | • रैथनेवालीहरु कम्तिमा १५ रोपनीमा क्लष्टरमा व्यवसायिक खेती गर्नु पर्ने ।<br>• वीउ उत्पादन, प्रशोधन र भण्डारण सम्बन्धी कार्यकहरु संचालन गर्नु पर्ने ।<br>• प्रस्तावित कार्यक्रमको लागतको बढीमा ९०% सम्म अनुदान प्राप्त हुने । |
| २ | अनुदानमा सहयोगमा कृषि यन्त्र तथा उपकरण वितरण | कृषक कृषि फर्म, कृषि कम्पनी, कृषक समूह, कृषि सहकारी | • व्यवसायिक खेती गरेको कृषक वा संस्थाले मापदण्डमा उल्लेख भएका मेशिनेरी प्राप्त गर्न सक्ने छन ।<br>• एउटा आवेदकले अधिकतम रु ८० हजार वा लागत मूल्यको अधिकतम ७५ प्रतिशतसम्म अनुदान प्राप्त गर्न सक्ने । |

<u>तपसिल</u>

**आवश्यक कागजातहरु**

- रु.१० को टिकट टाँस गरी तोकिए बमोजिमको ढाँचाको निबेदन सहितको प्रस्तावना।
- संस्थाको दर्ता/नबिकरण प्रमाणपत्र ।
- PAN/VAT दर्ता प्रमाण पत्र ।
- अघिल्लो आ.ब. को बार्षिक अडिट रिपोर्ट र करचुक्ता प्रमाणपत्र ।
- स्थानीयतहको कृषि शाखा वा सम्बन्धित वडा कार्यालयको अनुदान दोहोरो नहुनु वा अनुदान दिन उपयुक्त हुने सिफारिस पत्र ।
- समूह र सहकारीको हकमा संस्थाको सञ्चालक समितिको बैठक निर्णयको प्रतिलिपि ।
- अघिल्लो दुई आर्थिक वर्षमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरेको वा नगरेको स्वघोषणापत्र ।
- प्रस्तावित आयोजना संचालन हुने क्षेत्रको लालपुर्जाको प्रतिलिपि वा जग्गा करारमा लिई कार्यक्रम संचालन गर्ने हकमा न्यूनतम १० वर्षको लागि प्रचलित कानुन बमोजिम भएको करार सम्झौताको प्रतिलिपि ।

**थप जानकारीका लागि**
**कृषि ज्ञान केन्द्र, तनहुँ**
फोनः ०६५-५६३१३०, (विरेन्द्र धिताल ९८४६११४७००) (राजेश्वर शिलवाल ९८५६०४६३०६)
इमेलः akctanahun@gmail.com, facebook.com/krishigyankendratanahun
Website: tanahun.akc.gov.np

कुल प्रसाद तिवारी
प्रमुख